# पहिलो अध्याय :

## शोध-कार्यको परिचय

# पहिलो अध्याय

# १. शोध कार्यको परिचय

## १.१ *शोध शीर्षक :*

प्रस्तुत शोध-प्रबन्धको शीर्षक *'नेपाली सवाई काव्यको विश्लेषणात्मक मूल्याङ्कन'* रहेको छ।

नेपाली लोक साहित्य परम्परामा नेपाली लोकलयात्मक सवाई छन्दमा रचिएका खण्डकाव्य भन्न मिल्ने कविता विधाका मझौला आकारका काव्यलाई सवाई काव्य भन्ने चलन रहेकाले प्रस्तुत शोधकार्यमा तिनै सवाई काव्यहरूको प्राज्ञिक विश्लेषण तथा मूल्याङ्कन प्रस्तुत गरिएको छ।

## १.२ *समस्या कथन :*

विश्वका कुनै पनि भेगमा प्रचलित साहित्य झैं नेपाली साहित्यको विकासमा पनि लोक-साहित्यको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । त्यसैले नेपाली लोकसाहित्यलाई नेपाली शिष्ट साहित्यको गङ्गोत्री मान्न सकिन्छ। नेपाली समाजमा शिष्ट वा लिखित साहित्यको प्रचलन हुनु पूर्व मौखिक वा श्रुति-परम्परामा जीवित कर्खा, चरित, भारत, फाग, धमारी, चाँचरी, सगुन, पैकेलो, भजन, सँगिनी, बालुन, गाइने गीत, जुवारी गीत, रसिया, मालसिरी, द्यौसी, भैली, घाटु, सेलो, झ्याउरे र सवाई प्रभृति लोक लयाश्रित गीत-गाथाहरू नेपाली कविताका पृष्ठभूमि र प्रेरक-तत्त्व रहेका देखिन्छन् । यस्ता गीति-गाथाहरूमा नेपाली समाजको प्राचीन छवि पाइने हुनाले यिनीहरू नेपाली समाजका पुर्ख्यौली सम्पत्ति पनि हुन् । आजको बदलिँदो एवम् पाश्चात्य जीवन-शैलीबाट प्रभावित हुँदै गइरहेको नेपाली जन-जीवनको परिप्रेक्ष्यमा यस्ता पुर्ख्यौली सम्पत्तिका रूपमा रहेका नैसर्गिक सिर्जनाहरूको अस्तित्वमा समेत प्रश्नचिन्ह खडा हुन थालेको छ। त्यसैले हाम्रा परम्परापुष्ट यस्ता पुर्ख्यौली सम्पत्तिलाई संरक्षण गरी नेपाली समाजको मौलिकतालाई विश्व-समुदाय बीच उच्च मानमा जीवित राख्नका निम्ति लोक साहित्य परम्पराका विभिन्न विधा वा फाँटहरू आजको दायित्वशील अनुसन्धित्सुवर्गका निम्ति उत्सुकतापूर्ण चासोको विषय बन्न गएको देखिन्छ । अत: आधुनिकता एवम् अन्धानुकरणको तीव्र चपेटामा परी अस्तित्वका निम्ति गोता खाँदै गरेको पूर्वज प्रदत्त हाम्रो लोक-साहित्यको र यसका विविध दिशाहरूको अध्ययन-अनुसन्धानतिर जिज्ञासुहरूको ध्यान आकर्षण हुनु आवश्यकता छ। नेपाली साहित्यका एकाध विधाहरूको अध्ययन-अनुसन्धान हुन सकेको पाइन्छ तापनि झ्याउरे, सवाई, सेलो जस्ता स्वकीय लयप्रधान लोकविधाहरूमा अनुसन्धान-अनुगमनको कमी रहेको छ । हाम्रो समाजमा लोकप्रिय रही आएको सवाई काव्यका सम्बन्धमा समाजकै विभिन्न विद्वान् तथा अनुसन्धाताहरूद्वारा राखिएका विचारहरूमा विविधता रही एकरूपता नपाइने हुँदा स्कूल-कलेजमा अध्ययन गर्ने विद्यार्थी तथा नव-अनुसन्धित्सुहरूमा सवाई काव्यको वास्तविक स्वरूप, यसको इतिहास, छन्द-लय, लोक-गीत वा गाथाहरूसँग यसको सामीप्य वा अन्तर्सम्बन्ध, प्रकृति, प्रभाव, काव्य-स्तर, चरणगत विकास-क्रम, आयाम एवम् संरचना-स्वरूप, साम्प्रतिक कालमा यसमा आएको शिथिलताका कारण तथा सवाई काव्य परम्पराले नेपाली कविताको विकासमा पुऱ्याएको थप सहयोग र आगामी दिनहरूमा यसबारे हुनसक्ने अवशिष्ट अध्ययनबारे अनेक प्रश्नहरू अनुत्तरित नै रहेका पाइन्छन् । यस्तै नेपाली सवाई काव्य परम्पराको मौलिक प्रकृति तथा काव्य विधामा पाइने परिष्कार-परिमार्जन वा अन्य कमजोरी एवम् पाठान्तर जस्ता विषयहरू पनि उत्तिकै अनुसन्धेय तथा विश्लेषणीय विषय रहेका हुनाले यस्ता समस्याहरूको प्राज्ञिक अध्ययन एवम् अनुसन्धान हुनु आवश्यक छ।

लगभग एक शताब्दी पूर्वदेखि भएको नेपाली लेख्य सवाई काव्यको सम्पादन र सङ्कलन कार्यमा पनि सम्प्रति उदासीनता देखिन थालेकाले आजका साहित्य-संस्कृतिका पाठक-प्रेमीहरूको

यसतर्फ ध्यानाकर्षण गर्नु आवश्यक देखिन्छ । यस प्रकारका कार्यका निम्ति सवाई काव्यको व्यापक खोज-अनुसन्धान गर्नुका साथै सवाईका लेखक वा सवाईकारहरू बारे जानकारी प्राप्त गरी नेपाली काव्य परम्परामा सवाई काव्यको थालनी कहिलेदेखि भएको हो र यसको क्रम-विकास के-कस्तो प्रक्रियाबाट भएको छ, सवाई काव्यहरू संरचना-स्वरूपका दृष्टिले के कस्ता छन् तथा यिनीहरूको काव्यिक मूल्य के कस्तो छ- जस्ता प्राज्ञिक समस्याहरूको अध्ययनसँग प्रस्तुत शोधकार्य सम्बन्धित रहेको छ ।

## १.३ *शोध कार्यको उद्देश्य :*

समस्या कथनमा उल्लेख गरिएका उपर्युक्त समस्याहरूलाई गम्भीरतापूर्वक हृदयङ्गम गर्दै नेपाली कविताको प्रेरक र पृष्ठभूमि तथा नेपाली समाजमा मौखिक वा श्रुति परम्पराका रूपमा दीर्घदिन रही विक्रमको उन्नाईसौं शताब्दीको प्रारम्भतिरबाट लेख्य काव्यका रूपमा देखिन आएका सवाई काव्यहरूको थालनी र विकास-क्रमको सर्वेक्षण गर्नु, सवाई काव्यका रचयिता, रचनाकाल र प्रकाशनकालको पत्ता लगाउनु, शुरुदेखि वि.सं. २००० सम्म रचित-प्रकाशित एवम् उपलब्ध सवाई काव्यहरूको कालक्रमिक विवरण वा परिचय प्रस्तुत गर्नु र नेपाली सवाई काव्यहरूको विश्लेषणात्मक मूल्याङ्कन गर्नु तथा नेपाली कविताको विकासमा यसले पुऱ्याएको थप योगदानबारे चर्चा गर्नु यस शोधकार्यको उद्देश्य हो ।

अतः प्रस्तुत शोधकार्यको उद्देश्यलाई बुँदागत रूपमा निम्नानुसार राख्न साकिन्छ :

(१) कविताका सैद्धान्तिक पक्षका दृष्टिले नेपाली सवाई काव्यहरूको सैद्धान्तिक स्थिति ठम्याउनु ;
(२) नेपाली कविताको थालनी र विकास-क्रमका परिप्रेक्ष्यमा नेपाली सवाई काव्यको थालनी र विकास-क्रमको सर्वेक्षण गर्नु ;
(३) वि.सं. १९०० देखि वि.स. २००० सम्मको समयावधिमा रचित, प्रकाशित तथा उपलब्ध नेपाली सवाई काव्यहरूको संरचना-स्वरूप निर्धारण गरी यस समयावधिका मुख्य मुख्य सवाई काव्यहरूको विश्लेषण गरी मूल्यस्तर निर्धारण गर्नु ;
(४) भाव वा विषय-वस्तु, छन्द एवम् लयविधान, संरचना-स्वरूप आदिका आधारमा नेपाली सवाई काव्यको वर्गीकरण गर्नु ;
(५) वि.स. १९०० देखि वि.स. २००० सम्मको नेपाली कविताको यात्रामा नेपाली सवाई काव्यले दिएको योगदानको विवेचना गर्नु ;
(६) नेपाली सवाई काव्यको रचना वा विकासमा देखा परेका शिथिलताका कारणहरू पत्तो लगाउनु ।

## १.४ *पूर्वकार्यको समीक्षा :*

नेपाली सवाई काव्यका विषयमा यसभन्दा पहिला केही लेखक-विद्वान्हरूले सामान्य चर्चा-परिचर्चा गरेको पाइन्छ । तीनमध्ये प्रमुख चर्चाकारहरूद्वारा उपस्थापन गरिएका विषयलाई यहाँ संक्षेपमा अनुशीलन गरिएको छ । यहाँ यस शोधकार्य पूर्व नेपाली सवाई क़ाव्य सम्बन्धी गरिएका त्यस्ता चर्चा-परिचर्चा वा समालोचनात्मक दृष्टिकोणहरूलाई अध्ययनको सुविधाका निम्ति मूलतः दुई फाँटमा विभाजन गरी तिनीहरूको निम्नानुसार समीक्षा गरिएको छ :

(क) पत्र-पत्रिकामा प्रकाशित लेख :

| लेखक | लेख-शीर्षक | प्रकाशन स्रोत |
|---|---|---|
| १. गगनसिंह लकान्द्री | सवाई र लहरी | *हिमालचुली* (दै.) वर्ष ४ अं. १३८ हिमालचुली प्रकाशन, सिलगढी, २८ जुलाई ई. १९८५; पृ. २ |

| | | |
|---|---|---|
| २. शरद्चन्द्र भट्टराई | नेपाली भूकम्प काव्य एक अध्ययन | *समष्टि* (द्वै.) पूर्णाङ्क १६, कृषि विकास बैंक, केन्द्रीय कार्यालय, काठमाण्डौ; २०४५, पृ. ३५ |
| ३. घटराज भट्टराई | नेपाली वाङ्मयमा सवाईको मूल्य | *गरिमा* (मा.) वर्ष १०, अङ्क ९; पूर्णाङ्क ११७; साझा प्रकाशन, काठमाण्डौ, भाद्र २०४९; पृ. ६४ |
| ४. हरिभक्त नेउपाने | सवाईको उद्गम र यसको विकास सम्बन्धी मार्मिक रूपरेखा | *प्रज्ञा* (त्रै.) वर्ष २२, पूर्णाङ्क ७७, ने.रा.प्र.प्र; काठमाण्डौ; २०५०, पृ. ११५ |
| ५. कृष्णप्रसाद पराजुली | नेपाली लोकगीतको परम्परा | *सुनकोशी* (सामयिक प्रकाशन) सुनकोशी साहित्य प्रतिष्ठान, काठमाण्डौ; २०५१, पृ. २३ |
| ६. कपिल लामिछाने, | बुँद रानाको 'अब किन मान्थिन?' | *मिर्मिर* (मा.) वर्ष २५, अङ्क ९, पूर्णाङ्क १३६; नेपाल राष्ट्र बैंक; केन्द्रीय कार्यालय, काठमाण्डौ; २०५३, पृ. २३ । |

माथि उल्लेख गरिएका लेखकहरू मध्ये गगनसिंह लकान्द्रीले *हिमालचुली*मा प्रकाशित लेखमा नेपाली जनजीवनमा *भानुभक्तीय रामायण* सरह लोक प्रचलित सवाई र लहरी काव्यको पनि गहिरो प्रभाव रहेको उल्लेख गरेका छन् । लकान्द्रीले सवाईबारे अति सामान्य चर्चा गरेका छन् ।

*समष्टि*मा प्रकाशित आफ्नो लेखमा शरद्चन्द्र शर्मा भट्टराईले भूकम्प घटनामा आधारित नेपाली सवाई काव्यको चर्चा क्रममा *भैँचालाको सवाई,* भाग १ वा *शिलाङ्का भैँचालाको सवाई* (१९५४) *भैँचालाको सवाई,* भाग २ वा *किल्ला कांगडाको भैँचालाको सवाई* (१९६२), *बलुचिस्तानको प्रलयङ्कारी भैँचालाको सवाई* (१९९२) तथा *९० सालको भैँचालाको सवाई*हरू (पद्मबहादर खत्री, खडानन्द घिमिरे, जीवनाथ काफ्ले र शेरवहादुर कँवर छेत्री लिखित)को उल्लेख गर्दै उक्त सवाईहरूका रचनाकार, रचनाकाल एवम् बिषयवस्तुबारे सामान्य जानकारीमूलक चर्चा प्रस्तुत गरेको पाइन्छ ।

*गरिमा*मा प्रकाशित 'नेपाली वाङ्मयमा सवाईको मूल्य' शीर्षक लेखमा घटराज भट्टराईले सवाई शब्दको व्युत्पत्ति खोज्दै सवाई छन्द-शैलीका चरणहरू प्रायः बाह्रदेखि चौध अक्षरका हुने गर्छन् भनेका छन् र सवाई छन्द-शैलीमा सजिलै काव्य रचना गर्न सकिने हुनाले नेपाली समाजमा साम्प्रतिक कालसम्म सवाईको पकड दह्रो रहेको कुरा स्पष्ट पारेका छन् । *सवाई पच्चीसा*मा सङ्कलित सवाईहरूका आधारमा भट्टराईले सवाई काव्यको स्वरूप, आयाम, भाषा-शैली, विषयवस्तु र मूल्य-मान्यता सम्बन्धी साधारण चर्चा गर्दै प्राचीन नेपाली समाजको उत्थानमा सवाईको सकारात्मक भूमिका रहेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

*प्रज्ञा*मा प्रकाशित लेखमा हरिभक्त नेउपानेले 'सवाई' शब्दको व्युत्पत्ति देखाएका छन् र सवाई साहित्यको उद्गमको अनुसन्धान गर्दै हिन्दी काव्य जगत्मा प्रसिद्ध 'सवैया' नामक छन्दको अनुकरणमा नेपाली समाजमा सवाई छन्द एवम् सवाई काव्य परम्पराको विकास भएको हो भन्ने विचार व्यक्त गरेका छन ; अनि 'सवाई' शव्द पनि हिन्दी 'सवैया' शव्दकै नेपाली रूपान्तरण हो भन्ने ठहर गरेका छन् । उनले सवाईलाई लोकगाथासँग सम्बन्धित विधा पनि बताएका छन् । सोही लेखमा नेउपानेले सवाई नेपाली लोकगीतको उद्गम परम्परासँग सम्बद्ध रहेको बताउदै यसलाई झ्याउरे र सेलो झैं नेपाली लोक परम्परा सिञ्चित काव्य सिर्जना हो भनी बताएका छन् । नेउपानेले एकाध सवाई सङ्ग्रहहरूका साथै स्वतन्त्र प्रकाशित एकाध सवाई काव्यबारे परिचयात्मक चर्चा गरेका छन् र सवाई काव्यको व्यापकताको पनि उल्लेख गरेका छन् । प्रस्तुत लेखमा लेखक नेउपानेले

सवाईको मर्म केलाउन सामान्य लेख भन्दा छुट्टै बृहत् अनुसन्धान कार्यको आवश्यकता रहेको कुरा पनि अनुभव गरेको बोध हुन्छ ।

कृष्णप्रसाद पराजुलीले जोसमनी सम्प्रदायका सन्तधाराका शशीधरलाई सवाई लेख्ने कवि मानेका छन् ; तर उनले लेखेको सवाई के कस्तो थियो भन्ने कुराको उल्लेख भने गरेका छैनन् । यसै सिलसिलामा पराजुलीले वसन्त शर्माको *समुद्रलहरी* (१९०१) लाई नेपाली सवाई छन्दमा रचिएको पहिलो सवाई काव्य हुन सक्ने सम्भावना व्यक्त गरेका छन् । त्यस पछि नेपाली समाजमा सवाई, सिलोक आदि लेख्ने एक प्रकारको मेहेरो चलेको र त्यसै सिलसिलामा आसाम, दार्जिलिङ् तिरको नेपाली जनजीवनले भोगेका दुःख-सुखका कुराहरूले सवाईमा ठाउँ पाउन थालेका हुन् भनी उनले भनेका छन् । पराजुलीले यस लेखमा *चरीको सवाई, भैँचालाको सवाई* र *पहिराको सवाई* जस्ता केही सवाई काव्यबारे छोटो चर्चा प्रस्तुत गरेका छन् । उनले यस्ता सवाई काव्यहरू आख्यानात्मक एवम् औसत लम्बाइ भएका हुन्छन् भन्दै यिनमा ऐतिहासिक विषयवस्तुको प्रधानता हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् । पराजुलीले सवाईहरूलाई नेपाली समाजका गन्धर्व वा गाइने जातिका लोक गायकहरूले जीवित राखेका हुन् भन्ने अभिमत प्रकट गरेका छन् । पराजुलीले *अरुणोदय* पत्रिकाका निम्ति प्रस्तुत अर्को लेखमा पनि यसैसँग मिल्दो-जुल्दो किसिमको विचार प्रकट गरेको पाइन्छ ।

*मिर्मिरे* मासिक पत्रिकामा कपिल लामिछानेले बूँद् रानाको *अब किन मान्थिन ?* काव्यबारे चर्चा गर्ने क्रममा सवाई छन्द एवम् सवाई काव्यको स्वरूप सम्बन्धमा प्रासङ्गिक चर्चा मात्र गरेको पाइन्छ ।

## (ख) ग्रन्थभित्र गरिएका आंशिक चर्चा :

| | लेखक | ग्रन्थ |
|---|---|---|
| (१) | कमल दीक्षित | *यस्तो पनि,* जगदम्बा प्रकाशन, ललितपुर, पाटन, २०२६; पृ. १०१ |
| (२) | तारानाथ शर्मा | *नेपाली साहित्यको इतिहास,* सहयोगी प्रकाशन, त्रिपुरेश्वर, काठमाण्डौ; २०२७; पृ. ४३ |
| (३) | जगत छेत्री | *अकादमी निबन्धावली,* नेपाली अकादमी, दार्जिलिङ; सन् १९७७; पृ. ६८ |
| (४) | टेकबहादुर खत्री | लोक साहित्य; लोक संस्कृतिको आधार, *लोक साहित्य सङ्गोष्ठी -२०३५;* (सम्पा. तुलसी दिवस); ने.रा. प्र. प्र., कमलादी, काठमाण्डौ; २०३५; पृ. १३ |
| (५) | विजय चालिसे | *डोटेली लोक साहित्य,* साझा प्रकाशन, काठमाण्डौ; २०३६; पृ. १४ |
| (६) | काजीमान कन्दङ्वा | *नेपाली जनसाहित्य,* अङ्कुरमैया कन्दङ्वा, सलकपुर, मोरङ; २०४०; पृ. ९२-१०२ |
| (७) | हरिराज भट्टराई | *गीतिकाव्यको ऐतिहासिक अध्ययन,* असीम सौरभ, साँघु, मेवाखोला; २०४३; पृ. १८ |
| (८) | गणेशबहादुर प्रसाई | *सुवानन्ददासदेखि राजीवलोचनसम्म,* साझा प्रकाशन, काठमाण्डौ; २०४४; पृ. १०८ |
| (९) | दुर्गाप्रसाद उपाध्याय घिमिरे | *समिधा,* विद्यादेवी घिमिरे; चान्दमारी, तेजपुर, असम; सन् १९८६; पृ. ७१-७६ |
| (१०) | शरद्चन्द्र शर्मा भट्टराई | *नेपाली साहित्यको इतिहास* (माध्यामिक काल, दो.सं.) पा. वि. के., त्रि. वि., कीर्तिपुर; २०४८; पृ. ७७ |

(११) मोतिलाल पराजुली — *नेपाली लोक गाथा*, तारादेवी पराजुली, मासबार, पोखरा; २०४९; पृ. १८
(१२) फणीन्द्र नेपाल — सम्पा, *सूक्तिसिन्धु र अन्य समालोचना*, साझा प्रकाशन, काठमाण्डौ; २०५१; पृ. ४१
(१३) जगदीश समशेर — *सिद्धान्त समीक्षा* (सम्पा.- हरिराज भट्टराई ), असीम सौरभ, साँघु, मेवाखोला, ताप्लेजुङ; २०५१; पृ. १०१- ११५
(१४) भीमकान्त उपाध्याय — *नेपाली लहरी साहित्यको परिचय र विश्लेषणात्मक मूल्याङ्कन*, (विद्यावारिधि शोध प्रबन्ध) उत्तरबङ्ग विश्व विद्यालय, राजा राममोहनपुर, दार्जिलिङ् सन् १९९२; पृ. ७८-८०, १२२, १४०, १४१, ३३५, ५२६, ........)
(१५) " " — *आँखिभ्यालबाट हेर्दा*, नेपाली लेखक सहकारी समिति, सिलगढी; सन् १९९४; पृ. ३४ ... ६१
(१६) " " — *सवाई र लहरी काव्य सङ्ग्रह*, साहित्य अकादमी नई दिल्ली; सन् १९९९; पृ. ७-१५, १९-७७
(१७) डिल्लीराज शर्मा — *नेपाल बाहिर नेपाली साहित्य र संस्कृति*, साझा प्रकाशन, काठमाण्डौ; २०५२, पृ. ३०
(१८) वासुदेव त्रिपाठी र अरु (सम्पा.) *नेपाली कविता* (भाग ४), साझा प्रकाशन, काठमाण्डौ; २०५३; पृ. ६०

*यस्तो पनि*मा सङ्कलित 'कल्लाई भन्ने ? सबै उस्तै' शीर्षक लेखमा कमल दीक्षितले नेपाली साहित्यको माध्यमिक काल (१९४१-१९७५) अवधिमा प्रकाशकहरूमा चलेको पुस्तक प्रकाशन गर्ने प्रतियोगिताका सन्दर्भमा मनिराज शाही रचित *चरीको सवाई*लाई बाबु माधवप्रसाद शर्माको प्रकाशन संस्थाले उद्देश्यपूर्ण रूपले जनैक चन्द्रधर भवानीशङ्कर शर्माको रचना सावित गर्न काव्यका पछिल्तिरका बाईस पङ्क्तिहरू पूर्णत: परिवर्तन गरेकोमा प्रकाशकको नियत वा प्रवृत्तिको चर्चा गरेका छन् । दीक्षितले यसै सन्दर्भमा धर्मराज थापा रचित 'वनचरो' कविता पनि मनिराज शाहीको *चरीको सवाई*कै अनुकरणमा रचिएको हो भन्ने तथ्य प्रस्तुत गरेका छन् ।

तारानाथ शर्माले *नेपाली साहित्यको इतिहास*मा कवि वसन्त शर्माले सर्वप्रथम लोकलयात्मक सवाई छन्द-शैलीको प्रयोग गरी काव्य रचना गरेका भए तापनि उनको रचनाले *भोटको लडाइँको सवाई*को लोकप्रियतालाई उछिन्न नसकेको मान्दै यस काव्यको महत्ता स्वीकार गरेका छन् । शर्माले *भोटको लडाइँको सवाई*लाई लोक कवितात्मक परम्परासँग सम्बन्धित युग समग्रकै सर्वोत्कृष्ट रचना ठहराएका छन् (पृ. ४४) । उनले यस सवाईकाव्यका रचनाकार लालबहादुर आउँमासीलाई ताप्लेजुङ्का बासिन्दा थिए भनेको पाइन्छ । शर्माले यस सवाईलाई ऐतिहासिक घटनासँग सम्बन्धित अविस्मरणीय जनकविता भनेर यसको मूल्याङ्कन गरेको पाइन्छ ।

जगत छेत्रीले *अकादमी निबन्धावली*मा सङ्कलित 'लोक साहित्यमा सवाईको स्थान' लेखमा नेपाली समाजमा सवाईको निकै उच्च स्थान रहेको बताउँदै सवाईको ऐतिहासिक परम्परामा प्रकाश पार्ने प्रयास गरेका छन् । यस लेखमा उनले सवाई काव्यको साहित्यिक उपयोगितामा पनि प्रकाश पारेका छन्; अनि सरल वर्णन शैलीले गर्दा सवाई काव्यको चित्रण परम्परा सजीव र मननीय रहेको बताएका छन् । छेत्रीले हिन्दी साहित्यमा प्रचलित 'सवैया' छन्द-शैलीसँग नेपाली सवाई छन्द-शैलीको सम्बन्ध रहेको र यी दुबै छन्दहरू वीरत्ववर्णन एवम् युद्ध वर्णनमा बढी मुखरित हुने हुनाले 'वीर छन्द' का नामले परिचित भएका हुन् भन्ने अभिमत व्यक्त गरेका छन् । छेत्रीका विचारमा दिलुसिंह राईको *१९५६ सालको पहिराको सवाई* पहिलो लिखित सवाई काव्य हो । छेत्रीले पाठकहरूलाई सवाई छन्द-शैलीका काव्यहरूसँग परिचय गराउने सन्दर्भमा *आनन्द लहरी*, *पिनासको कथा* र *मन*

*लहरी*बाट एकाध पङ्क्तिहरू उद्धृत गरेका छन्। त्यसैले उनको लेखमा सवाई छन्द एवम् सवाई काव्य सम्बन्धी व्यक्त गरिएका विचारहरू अस्पष्ट एवम् भ्रामक पनि रहेका देखिन्छन्।

टेकबहादुर खत्रीले ने.रा.प्र.प्र.द्वारा २०३५ सालमा आयोजित लोक साहित्य सङ्गोष्ठीमा प्रस्तुत 'लोक साहित्य; लोक संस्कृतिको आधार' शीर्षक कार्यपत्रमा प्रसङ्ग क्रममा सवाईलाई जनताको कण्ठबाट गुञ्जने लिपिबद्ध लोक साहित्य र घटनाप्रधान शिलोकको आख्या दिएका छन्।

विजय चालिसेले डोटी अञ्चलमा प्रचलित 'भुओगीत'लाई 'भुवा सवाई' पनि भन्ने गरेको पाइएको तथ्य *डोटेली लोक साहित्य*मा (पृ. १४) प्रस्तुत गरेका छन्।

काजीमान कन्दङ्वाले उनको *नेपाली जन साहित्य*मा सवाईलाई सकर्मक बाह्रमासे जनकविताका फाँटमा (पृ.९) राख्दै यसलाई गाइने जातिको प्यारो सम्पत्ति रहेको बताएका छन्। ऐतिहासिक एवम् वर्णनात्मक स्वरूप भएका यस्ता गीति कथाहरू नेपाली समाजमा व्यापक रूपमा प्रचलित रहेको (पृ.९८) कुरा उल्लेख गर्दै उनले ***नब्बे सालको भैँचालाको सवाई, भोटको लडाइँको सवाई, चरीको बिहाको सवाई*** आदिले सरल र स्वाभाविक जनभाषामा गीतिमधुर रङ्ग थपेको छ भन्ने विचार व्यक्त गरेका छन्।

***गीतिकाव्यको ऐतिहासिक अध्ययन*** ग्रन्थका ग्रन्थकार हरिराज भट्टराईले सवाईलाई नेपाली लोकगीतको एउटा प्रकार बताउँदै यसमा निहित प्रबन्धात्मकताको माध्यमबाट नेपाली गीतिकाव्यमा प्रबन्धात्मक स्वरूपको प्रवेश भएको हो (पृ३) भन्ने विचार प्रकट गरेका छन्।

गणेशबहादुर प्रसाईंले आफ्नो *सुवानन्ददासदेखि राजीवलोचन सम्म* नामक ग्रन्थमा वि.स. १९३३ मा सङ्घटित भोट-नेपाल युद्धलाई विषयवस्तु बनाई रचिएको ***भोटको लडाइँको सवाई*** (१९३३) का रचनाकारलाई कतै लालबहादुर आउँमासी र कतै सिद्धिबहादुर बस्न्यात् भनी छापिने गरेकोमा असहमती प्रकट गर्दै तर्कपूर्ण शब्दमा त्यसको खण्डन गरेका छन् र यसका वास्तविक रचनाकार बाग्दल डाँगी थिए भन्ने दृढ विचार प्रस्तुत गरेका छन्। प्रसाईंले यसै सिलसिलामा आफ्नो भनाइको पुष्टि गर्दै बाग्दल डाँगीको भरपर्दो परिचय प्रस्तुत गरेका छन् र सवाईकार डाँगीले ***कमिलाको सवाई*** र ***लखनौ लुटको सवाई*** नामक अन्य दुई सवाई काव्य पनि रचना गरेका थिए भन्ने कुरा अघि सारेका छन्।

***समिधा***मा सङ्कलित 'रामचन्द्र शर्माको सवाई' शीर्षक समालोचनात्मक लेखमा दुर्गाप्रसाद घिमिरेले असमको शोणितपुर जिल्लामा पर्ने तेजपुर-गमिरीको निकटवर्ती डिपुराका रामचन्द्र ढुङ्गानाले रचना गरेको भनेर मानिएको र सन् १९३०-३५ तिर सर्वहितैषी कम्पनी वाराणसीबाट प्रकाशित ***कानिको सवाई*** वा ***कानियाँको सवाई*** सम्बन्धमा गहकिलो चर्चा प्रस्तुत गरेका छन्। लेखक घिमिरेले यसका 'विद्यामहिमा', 'अफिम प्रबल व्यवहार' र 'गान्धीको सवाई' जस्ता तीन उप-शीर्षक रहेका र 'विद्यामहिमा'मा जातीय उत्थानका निम्ति शिक्षा प्रचारको आवश्यकता अनुभव गरिएको, 'अफिम प्रवल व्यवहार'मा अफिम वा कानिको दुर्व्यसन प्रति व्यङ्ग्य विद्रोह प्रकट गरिएको र त्यसलाई त्याग्ने सल्लाह दिइएको छ भन्ने विचार प्रकट गरेका छन्। ***गान्धीको सवाई***मा सवाईकारले महात्मा गान्धीको नेतृत्वमा त्यसबेला भारतमा सञ्चालित असहयोग आन्दोलनको बढाइँ गर्दै त्यस जन-आन्दोलनमा सरिक हुन देशवासीलाई आह्वान गरेका छन्। घिमिरेले यस छोटो चर्चामा रामचन्द्र शर्माद्वारा रचिएका एकाध सवाई श्लोकहरू उद्धृत गर्दै असमेली नेपाली साहित्यको गुणात्मक तथा सङ्ख्यात्मक बृद्धिमा यस काव्यले केही थप योगदान पुऱ्याएको ठहर गरेका छन्।

शरदचन्द्र शर्मा भट्टराईले नेपाली साहित्यको इतिहास (माध्यमिक काल) मा रचिएका र प्रकाशित भएका विविध सवाई काव्यहरूबारे ठाउँ-ठाउँमा (पृ. ७७, १११, २५५, २३२, २६१, २६२, २६८, ३८०, ३८२, ३८३ इत्यादि) प्रासङ्गिक चर्चा गरेका छन्। यस क्रममा भट्टराईले सवाई काव्यहरूको वर्गीकरण (भक्ति भावमूलक, नीति-उपदेशात्मक, स्थान एवम् परिस्थिति परिचयप्रद सवाई र प्रियजनको शोक तथा दैवीमारको वर्णन भएका सवाई आदि ) गरेका छन् र कतै सवाई

काव्यको विषयवस्तु केलाएर केही सवाई काव्यलाई वैचारिक गहिराई एवम् नौलोपन नपाइने सवाई काव्य (पृ.११४, ११५) बताएका छन् । भट्टराईले यस क्रममा कतै गहकिला सवाई सङ्कलनहरूको जानकारी (पृ. ७७) पनि दिएको पाइन्छ भने कतै युगीन काव्य-धाराका सवाई काव्यपरम्परासँग पनि पाठकहरूलाई परिचय गराउने कार्य (पृ. २३२, २८८) गरेका छन् । भट्टराईले प्रस्तुत गरेका पुस्तक सूचीको श्रृङ्खलामा (पृ. २९१-३८४) सवाई तथा तिनका लेखकहरूको समेत नामोल्लेख गरेका छन्। । यस क्रममा एकाध सवाईकारबारे राम्रो सूचना यस ग्रन्थका माध्यमबाट प्राप्त हुन सकेको पाइन्छ ।

*नेपाली लोक गाथा*का ग्रन्थकार मोतीलाल पराजुलीले सवाई काव्यधारालाई लहरी काव्यको सहयात्री लोककाव्य धारा मानेका छन् (पृ. १८) र सवाई, लहरी एवम् बाह्रमासा गीतहरूको चहलपहल नेपाली समाजमा हाराहारी समयमा भएको हो भन्ने विचार व्यक्त गरेका छन् । लोकगाथामा प्रयुक्त इतिहास सन्दिग्ध हुन्छ भन्दै पराजुलीले *भोटको लडाइँको सवाई*का एकाध प्रसङ्गहरूलाई उदाहरणका रूपमा अघि सारेका छन् (पृ.५०) । पराजुलीले आफ्नो ग्रन्थको पृ. ६ मा सवाईलाई ऐतिहासिक घटनामूलक गाथा वर्गमा राखेका छन् । त्यस्तै उक्त ग्रन्थको ८३ औं पृष्ठमा सवाईका पङ्क्तिहरूमा प्रायः चौध अक्षर रहेको पाइए तापनि एकाध पङ्क्ति बीस अक्षरका पनि रहेका (पृ. ८३) पाइन्छन् भन्ने पराजुलीको अभिमत रहेको पाइन्छ ।

फणीन्द्र नेपालद्वारा सम्पादित *सूक्तिसिन्धु र अन्य समालोचना* ग्रन्थमा (पृ. ४१) सङ्कलित "दार्जिलिङ् क्षेत्रमा नेपाली सहित्यको पृष्ठभूमि र जन्म" शीर्षक लेखमा रामकृष्ण शर्माले नेपाली साहित्यको उदयकालका सवाई काव्यका अपरिष्कृत एवम् अपरिमार्जित छन्द-शैलीमा पाइने अपरिपक्वतालाई दृष्टिगोचर गर्दा सवाईलाई साहित्यिक रचनाको संज्ञा दिन नमिल्ने बताएका छन् । तर शर्माले ज्ञानदिलदासको *उदयलहरी*लाई भने आफ्नो यस कथनबाट अलग राख्नु पर्ने अभिमत व्यक्त गरेका छन् । सवाईलाई क्षयोन्मुखी साहित्यको लक्षण भन्दै शर्माले यस्ता रचनाहरूले पनि साहित्यको प्रारम्भमा एवम् वृद्धिकालमा स्यावासी र प्रेरणा पाउनु स्वाभाविक हो भन्ने अभिमत व्यक्त गरेका छन् ।

*सिद्धान्त र समीक्षा*का लेखक जगदीश शमसेरले गीतिकाव्यले विशिष्ट स्थान हासिल गर्न सक्नुमा र लोक-परम्पराको श्रीवृद्धि गर्नुमा जातीय लयमा संरक्षित सवाई साहित्यको ठूलो योगदान रहेको छ भन्ने विचार प्रकट गरेको पाइन्छ । शमसेरले सवाईलाई उर्जापूर्ण काव्यविधाका रूपमा हेर्दै यसबाट कविता विधाले आगामी दिनहरूमा छन्द-लय, मात्रा र स्वर-साधना आदि दिशामा अझ बढी सकारात्मक योगदान पुग्न सक्ने आशा व्यक्त गरेका छन् । उनले सवाईलाई जेठो गीति परम्परा मान्दै गीति काव्यमा प्रबन्ध तत्त्वको प्रवेश सवाईबाटै भएको हो भन्ने विचार दृढताका साथ व्यक्त गरेका छन् ।

भीमकान्त उपाध्यायको शोध प्रबन्ध *'नेपाली लहरी साहित्यको विश्लेषणात्मक मूल्याङ्कन* भित्र सवाई काव्य एवम् छन्द-शैलीबारे चर्चा गरिएको पाइन्छ । लहरी र सवाईको स्रोत-सन्धानका क्रममा उपाध्यायले लोकगीत र लोकगाथासम्म पुग्दै वसन्त शर्माको *समुद्रलहरी* (१९०१) र ज्ञान दिलदासको *उदयलहरी* (१९३३) का साथै अन्य पाँचवटा (पृ. ५२६) लहरी काव्यहरू सवाई छन्द-शैलीमा रचिएका छन् भन्ने विचार प्रकट गरेका छन् । सवाई छन्दको स्वरूप पहिचान र यस सम्बन्धमा विद्वान्-समालोचकहरूद्वारा अभिव्यक्त मत-मन्तव्यहरू (पृ.७८) तथा सवाईका मूलभूत विशेषताहरू केलाउँदै उपाध्यायले *भोटको लडाँईको सवाई* (१९१२) *मनिपुरको सवाई* (१९५०), *अब्बरपहाडको सवाई* (१९५१), *अछामको सवाई* (१९६५) र *नागाहिलको सवाई* (१९७०) आदि रचना कृतिलाई सवाई छन्दमा रचिएका नेपाली साहित्यका अमूल्य सम्पति आख्या दिएका छन् (पृ.८०) । उनले यसै सिलसिलामा सवाई काव्य आख्यान सापेक्ष वा आख्यान निरपेक्ष दुबै खाले हुन सक्ने सङ्केत पनि दिएका छन् । लहरी साहित्यको उपलब्ध पहिलो काव्य *समुद्रलहरी* सवाई छन्दमा रचिएको पहिलो काव्य हो भन्ने पनि उपाध्यायको विचार रहेको पाइन्छ । एकाध ग्रन्थकारहरूले *उदयलहरीको सवाई, अमृतलहरीको सवाई, समुद्रलहरीको सवाई, कलिकौतुक लहरीको सवाई* भन्ने उल्लेख गरेको

पाईन्छ तापनि यी कृतिहरू सवाई छन्दमा रचिएका हुनाले यिनीहरूलाई सवाई काव्य भनिएको हो तर यी कृतिहरूका नामको पूर्वपदमा 'लहरी' शब्द लागेकोले यी रचनाकृतिहरू वस्तुतः सवाई नभएर लहरीकाव्य अन्तर्गत पर्छन् भन्दै उपाध्यायले लहरी काव्यका फाँटमा राखी तिनको विश्लेषणात्मक अध्ययन समेत प्रस्तुत गरेका छन् ।

*आँखि भ्यालबाट हेर्दा* भन्ने अर्को ग्रन्थमा उपाध्यायले तुलचन आलेको *मनिपुरको लडाइँको सवाई* (१९५०) , रामचन्द्र शर्मा ढुङ्गानाको *कानियाको सवाई* (सन् १९३०-३५), रामप्रसाद भण्डारीको *आसाम वर्माको सवाई* (सन् १९४८) आदि सवाई काव्यहरूबाटै असमेली नेपाली साहित्यको उठान प्रारम्भ भएको दृढ अभिमत व्यक्त गरेका छन् । यसै सिलसिलामा उपाध्यायले *अब्बरपहाडको सवाई* (१९५१), *शिलाङ्का भैँचालाको सवाई* (१९५४), *अछामको सवाई* (१९६५) र *नागाहिलको सवाई* (१९६९) आदि सवाई काव्यको पनि प्रमुखतासाथ चर्चा गरेको पाइन्छ ।

भीमकान्त उपाध्यायकै अर्को *सवाई र लहरी काव्यसङ्ग्रह*को आधा भागमा सवाई र आधाभागमा लहरी काव्यको परिचयात्मक विवेचना प्रस्तुत भएको पाइन्छ । उपाध्यायले नेपाली जनजीवन सङ्सँगै श्रुति वा मौखिक परम्परामा हुर्कँदै आएका सरल, सरस र लयात्मक गीत-गाथा झैं सवाई पनि लेख्य साहित्य र विशेष गरी नेपाली कविताको पृष्ठभूमिका रूपमा पाइने लोकविधा मानेका छन् । 'सवाई' शब्द वा छन्द हिन्दीको 'सवैया' शब्दबाट व्युत्पादन भएको भन्ने एकाध विद्वान्हरूको भनाइसँग असहमति प्रकट गर्दै उपाध्यायले यसलाई झर्रो नेपाली लोकछन्द वा जातीय छन्द मान्नु पर्ने मत व्यक्त गरेका छन् । उनले सवाई छन्दलाई चतुष्पदी छन्द-शैली मान्दै यसका बाह्र अक्षरी सवाई पङ्क्तिमा चारौं, सातौं र अन्तिम बाह्रौं अक्षरमा तथा चौध अक्षरी सवाई पङ्क्तिहरूमा चारौं, आठौं र अन्तिम चौधौं अक्षरमा विश्राम हुन्छ भनेका छन् । यस लोकलयात्मक छन्द-शैलीका कवितामा वर्णहरूलाई प्रयोजन अनुसार अधिकाक्षर, लुप्ताक्षर वा हलन्त-अजन्त बनाएर उच्चारण गरी गाएमा छन्द-लय प्रवाह अटुट रहने स्थिति पाइन्छ भन्ने उनको विचार रहेको पाईन्छ । उनले लोकमा प्रयुक्त यस छन्द शैलीमा नेपाली कविताको प्राथमिक कालको दोस्रो चरण (१८७३-१९४०) को अन्तिमतिरका कवि वसन्त शर्माले *समुद्रलहरी* (१९०१)को रचना गरेपछि र लालबहादुर आउँमासीले *भोटको लडाइँको सवाई* (१९१२) तथा ज्ञानदिलदासले *उदयलहरीको सवाई* (१९३३) को रचना गरे पछि सवाई छन्द-शैलीमा लहरी र सवाई काव्य रचना गर्ने परम्पराको शुरुआत भएको बताएका छन् । उपाध्यायले सवाई सङ्कलनहरूबारे पनि सूचना दिँदै यस कृतिमा चाहिँ *भोटको लडाइँको सवाई* (१९१२), *मनिपुरका लडाइँको सवाई* (१९५०) *अब्बरपहाडको सवाई*, (१९५०), *शिलाङ्का भैँचालाको सवाई* (१९५४) *भक्तिको सवाई* (१९५८), *राजा भरथरीको सवाई* (१९५८), *भैँचालोको सवाई* (दोस्रो, १९६२), *अछामको सवाई* (१९६५), *नागाहिलको सवाई* (१९७०) र *धामीको सवाई* (ते.सं सन् १९४१) गरी जम्मा दशवटा सवाईकाव्यहरूको परिचयात्मक पाठ्यांश पनि प्रस्तुत गरेका छन् । वस्तुतः यसमा उनले उक्त दशओटा सवाई काव्यको र लहरी काव्यहरूको पाठयांशको संङ्कलन गरेर सम्बन्धित सवाई एवम् लहरी काव्यहरूको बारेमा जानकारी दिने प्रयास गरेको पाईन्छ ।

*नेपाल बाहिर नेपाली साहित्य र संस्कृति* नामक खोजमूलक ग्रन्थका लेखक डिल्लीराज शर्माका विचारमा सवाई र लहरी दुबै नेपाली साहित्यको प्राथमिक कालका उपज हुन् । शर्माले सवाईलाई कुनै घटना वा धार्मिक विषयमा आधारित र विशेष गरी पल्टनिया र पेन्सनभोगी सैनिकहरूले फुर्सदको बेला पढिने सामग्री हो भनेका छन् । उनका विचारमा ज्ञानदिलदासबाट सवाई परम्पराको थालनी भएको हो र भाषागत सरलताले गर्दा धार्मिक, उपदेशात्मक र घटनापरक सवाईहरू हाम्रा समाजमा लोकप्रिय बन्न पुगेका छन् । शर्माले सवाई छन्द शैलीलाई नेपाली साहित्यको प्राथमिक शैली मात्र नभई यसलाई छुट्टै कविताको प्रकार पनि मानेका छन् । यसका अतिरिक्त उनले सवाईलाई उत्तर भानुभक्तीय भक्तिधारा तथा अन्य पक्ष वा वस्तुस्थितिलाई पनि आत्मसात् गर्न समर्थ लोकरचना हो भन्ने विचार प्रस्तुत गरेका छन् ।

*नेपाली कविता* (भाग ४)मा नेपाली कविताको आयाम एवम् संरचना सम्बन्धी चर्चाको सिलसिलामा लोक प्रचलित नेपाली सवाई काव्यलाई कविता विधाको मझौलो स्वरूपको खण्डकाव्य भन्न सुहाँउने कविता विधाको एउटा उपविधा (पृ. ६०) बताउँदै ग्रन्थ सम्पादक वासुदेव त्रिपाठीले आफ्ना भनाइका समर्थनमा ***अछामको सवाई, चरीको सवाई, अब्बरपहाडको सवाई, भैँचालाका सवाईहरू*** र ***नागाहिलको सवाई,*** जस्ता एकाध सवाई काव्यको नामोल्लेखपूर्वक यिनको आयामिक विस्तारमाथि चर्चा गरेका छन् ।

लोक प्रचलित सवाई छन्द-शैली एवम् काव्यका विषयमा विभिन्न चिन्तक-विद्वान्हरूले विभिन्न पत्र-पत्रिका एवम् ग्रन्थावलीमा उपस्थापन गरिएका उपर्युक्त विचार एवम् चर्चा-परिचर्चाहरूका परिप्रेक्ष्यमा अनुसन्धेय विषयमाथि विवेचना-विश्लेषण गरी हेर्दा नेपाली सवाई काव्यबारे सामान्य जानकारीहरू प्राप्त हुन सके तापनि तिनबाट सन्तोषप्रद उपलब्धि भने प्राप्त हुन सकेको पाईन्न । उपर्युक्त विचारहरूका अतिरिक्त अझ पर्याप्त मात्रामा सवाईकाव्यको सैद्धान्तिक विश्लेषण, सवाई काव्यको कालक्रमिक वा ऐतिहासिक विवर्तन-वृतान्त, सवाईका मूल्य-मान्यता, नेपाली काव्य-साहित्यको सम्बर्द्धनमा यस लोक काव्य विधाले पुऱ्याएको योगदान, सहयोग जस्ता अनेक पक्ष वा विषयहरूमा पनि व्यापक चिन्तन-मनन, अध्ययन-विश्लेषण एवम् मूल्याङ्कन कार्य हुन बाँकी नै रहेको अनुभव हुन्छ । अत: उपर्युक्त विविध दिशामा अध्ययन-अनुसन्धानको प्रयोजनलाई हृदयङ्गम गर्दै विद्यावारिधि स्तरीय यस अध्ययन लाई कार्यरूप दिइएको छ ।

## १.५ *शीर्षकको औचित्य :-*

माथि प्रस्तुत गरिएको 'पूर्वकार्यको समीक्षा'बाट नेपाली कविताको पृष्ठभूमिका रूपमा रहेको परम्परागत मौखिक रूपमा अद्यावधि प्रचलनमा रहेको सवाई काव्यबारे एकाध विद्वान् समालोचक एवम् अनुसन्धानकर्ताहरूले फाटफुट चर्चा-विवेचना गरेको पाइए तापनि नेपाली सवाई काव्यको संरचना-स्वरूप र प्रवृत्ति, नेपाली साहित्यमा सवाई काव्यको थालनी र यसको विकास-क्रम, नेपाली सवाई काव्यहरूको विश्लेषण, वर्गीकरण, मूल्याङ्कन, कवित्व स्तरको निरूपण र नेपाली सवाई काव्यले नेपाली कविताको विकासमा पुऱ्याएको योगदान-सहयोग आदिबारे विद्वान्-समालोचक, अनुसन्धानकर्ताहरूबाट प्राज्ञिक अध्ययन हुन सकेको देखिन्न । अत: प्रस्तुत शोधप्रबन्धको ***नेपाली सवाई काव्यको विश्लेषण तथा मूल्याङ्कन*** शीर्षक औचित्यपूर्ण छ ।

## १.६ *शोधकार्यको सीमाङ्कन :*

प्रस्तुत शोधकार्य वि.स. १९०० देखि २००० सम्म (एक शताब्दी भित्र) रचित, प्रकाशित एवम् उपलब्ध नेपाली सवाई काव्यहरूको विश्लेषणात्मक अध्ययन तथा मूल्याङ्कनमा केन्द्रित रहेको छ । वि.स. १९०० पूर्व नेपाली सवाई काव्यको लेखन परम्पराको थालनी भएको पाइन्न । नेपाली कविताको प्राथमिक कालको दोस्रो चरण (बि.सं. १८७३-१९४०) का कवि वसन्त शर्माले लोकमा प्रचलित सवाई छन्दको अनुकरण गरी ***समुद्रलहरी*** (बि.सं. १९०१) को रचना गरेपछि र कवि बाग्दल डाँगीले सवाई छन्द शैलीमा ***भोटका लडाइँको सवाई*** (१९१२), दीनबहादुर हवल्दारले ***कावुलको सवाई*** (१९१९), र नरबहादुर रानाले ***जङ्गबहादुरको सवाई*** (१९३३) को रचना गरेर सवाई छन्दमा काव्य रचना गर्ने श्रृङ्खला स्थापित गरेको पाइन्छ । अत: ***भोटको लडाइँको सवाई*** (बि.सं.१९१२) लाई नेपाली सवाई काव्यको यात्रा विन्दु मानेर त्यसदेखि वि.सं. २००० सम्म रचित, प्रकाशित एवम् उपलब्ध नेपाली सवाई काव्यको विश्लेषणात्मक मूल्याङ्कन गर्ने कार्यमा प्रस्तुत शोधप्रबन्ध सीमित रहेको छ । वि.सं. १९१२ तिरबाट प्रारम्भ भएको नेपाली सवाई काव्यको लेखन परम्परा खासगरी नेपाली कविताको माध्यमिक काल (१९४०-१९७५) को अवधिताका विकासको चरमचुली चुम्न समर्थ भएपछि क्रमश: म्लान वा निस्तेज बन्दै आनुपातिक रूपमा क्षीण हुँदै सामाजिक प्रयोगबाट पनि क्रमश: अपसरित हुँदै गएको स्थिति देखिने हुनाले प्रस्तुत शोध प्रबन्ध पनि वि.सं. २००० सम्म

रचिएका नेपाली सवाई काव्यको अध्ययन, विश्लेषण र मूल्याङ्कनमा सीमित छ । अत: प्रस्तुत शोध प्रबन्ध वि.सं. १९०० देखि २००० सम्मको सीमा भित्र अनुबन्धित रहेको छ र यही नै यस शोधकार्यको सीमा हो ।

## १.७ *शोध विधि :*

### १.७.१ *सामग्री सङ्कलन विधि :*

प्रस्तुत शोध अनुसन्धानका क्रममा शोधकार्यको उद्देश्य अनुरूप सवाई काव्यहरू सङ्कलन गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । यस सन्दर्भमा प्रस्तुत शोधकार्यका निम्ति सहायक सिद्ध हुने, लोक साहित्य अध्ययनमा रुचि राख्ने विभिन्न विद्वान्-अनुसन्धानकर्ता र लेखकहरूसँग भेटी उनीहरूका अध्ययन एवम् प्रयोजनका निम्ति संरक्षित सङ्कलनहरूबाट प्रयोजनीय सवाई काव्य तथा तत्सम्बन्धी आवश्यकीय अन्य उपयोगी लेख सामग्रीहरू तथा लोक गीतका पेशेवर एवम् अन्य प्रतिष्ठित गायकहरूसँग रहेको सामग्री एवम् जानकारीहरू सङ्कलन गरिएको छ । प्रस्तुत शोधकार्यका निम्ति उपयोगी सिद्ध हुने विभिन्न चरणका प्राचीन तथा ऐतिहासिक महत्त्व भएका सङ्कलित कृतिहरू संस्थागत तथा निजी पुस्तकालयहरूमा उपलब्ध अध्ययन सामग्रीहरूको सङ्कलन एवम् अध्ययन अवलोकन गरी उपयोगिताका आधारमा अनुसूचीवद्ध गर्नुका साथै तिनको शुद्धता, वैधता एवम् विश्वसनीयता पर्गेल्ने कार्य गरी अनुसन्धेय सवाई कृति तथा तत्सम्बन्धी लेख-रचनादिमा भर पर्दै प्रस्तुत शोध-प्रबन्ध तयार पार्ने प्रयत्न गरिएको छ । यसो गर्दा विभिन्न विद्वान्हरूसँगको भेटघाट, अन्तरवार्ता वा वार्तालापलाई पनि आवश्यक सामग्री पुष्टिका निम्ति प्रयोजनीय महत्त्व दिई विषय सम्वद्ध वस्तु-तथ्य समेट्ने प्रयत्न पनि गरिएको छ । यस सन्दर्भमा सवाईसँग सम्बन्धित सम्भव भए सम्मका मणिपुर, नागाल्याण्ड, अब्बर पहाड, दार्जिलिङ् , असम, पोखरा, किल्ला-काँगडा, शिलाङ् र भोटको कुतीसम्म पुगी त्यहाँको वस्तुस्थिति अध्ययन गर्नुका साथै स्थानीय जानिफकार व्यक्तिहरूसँग भेट गरी उनीहरूसँग प्राप्त उपयोगी पुराना विवरण भएका कागजपत्र हेरेर र जीवित बृद्धहरूसँग सम्पर्क स्थापन गरी स्थानीय विद्वान्, शिक्षक, प्राध्यापक एवम् समाजसेवीहरूसँग भेटघाट, पत्राचार, टेलिफोन आदिका माध्यमबाट सम्पर्क स्थापन गरी वस्तुतथ्यबारे आवश्यक जानकारीहरू प्राप्त गर्ने र अध्ययन गरी प्रयोग गर्ने प्रयास पनि गरिएको छ । यसै सिलसिलामा विभिन्न पौराणिक ग्रन्थहरूको अध्ययनद्वारा विभिन्न सवाईहरूमा उल्लिखित वा प्रतिपादित सन्दर्भहरूको सत्यता एवम् प्रामाणिकता पर्गेल्ने तर्फ पनि सक्दो प्रयास गरिएको छ । यसरी पुस्तकालयीय अध्ययनका साथै क्षेत्रीय अध्ययनबाट प्राप्त समाग्रीका बीचमा अन्त:सम्बन्ध, अध्ययन तथा विश्लेषण गरी सामान्यीकरण गर्ने प्रक्रियाको पनि अवलम्बन गरिएको छ ।

### १.७.२ *सैद्धान्तिक ढाँचा र विश्लेषण एवम् सामान्यीकरण :*

यसरी विभिन्न स्रोत एवम् साधनद्वारा प्रस्तुत शोधकार्यका निम्ति सङ्कलित सामग्रीहरूको विवेचनापूर्ण विश्लेषण गरेर अभिप्रेय निष्कर्ष प्राप्त गर्ने त्र क्रममा पूर्वीय एवम् पाश्चात्य साहित्य जगतमा प्रचलित काव्य-सिद्धान्त, मान्यता एवम् पद्धतिहरूलाई आधारभूत रूपमा अवलम्बन गर्ने प्रयत्न गरिएको छ । यसो गर्दा आवश्यकता अनुरूप तुलनात्मक, प्रभावात्मक, व्याख्यात्मक, कृतिपरक एवम् निर्णयात्मक समालोचना पद्धतिको पनि अनुसरण गरिएको छ । विवेच्य नेपाली सवाई काव्यहरूको विश्लेषणात्मक मूल्याङ्कनका क्रममा पूर्वीय काव्य-मनिषीहरूद्वारा प्रतिपादित रस, रीति, अलङ्कार, ध्वनि तथा कविताका विधागत विश्लेषण प्रणालीलाई आधारभूत मान्यताका रूपमा अङ्गीकार गरिएको छ । यस्तै समालोचना सम्बन्धी पाश्चात्य जगतमा प्रचलित नीतिपरक, समाजपरक र स्वच्छन्दतावादी पद्धतिको समेत प्रयोजन अनुसार प्रयोग गरिएको छ ।

सवाई मूलत: लोक प्रचलित छन्द एवम् काव्य भएको हुनाले यसको विवेचना क्रममा नेपाली लोक संस्कृति र लोक साहित्य सम्बन्धी प्रचलित अवधारणा, लोक छन्द सम्बन्धी मान्यताहरूको पनि

यथाशक्य उपयोग गरिएको छ । संक्षेपमा पूर्वीय एवम् पाश्चात्य समालोचना सिद्धान्त तथा प्रणालीहरूको संश्लेषण, संयोजन तथा समायोजन एवम् सामान्यीकरण प्रक्रियाद्वारा यस शोधकार्यको विश्लेषण, सामान्यीकरण एवम् मूल्याङ्कन कार्य गरिएको छ ।

## १.८ शोध प्रबन्धको अध्याय विभाजन :

प्रस्तुत शोध प्रबन्धलाई व्यवस्थित र सुसङ्गठित रूप दिने उद्देश्यले विशेष योजनाबद्ध ढाँचामा अनुबन्धित गरिएको छ । त्यसो गर्न सम्पूर्ण शोध प्रबन्धलाई आठ अध्यायमा विभाजन गरिएको छ र यसको सङ्गठन निम्न लिखित तरिकाले गरिएको छ :

| अध्याय | शीर्षक |
|---|---|
| पहिलो अध्याय | शोधकार्यको परिचय, |
| दोस्रो अध्याय | सवाई काव्यको सैद्धान्तिक चिनारी, |
| तेस्रो अध्याय | नेपाली कविताको विकास परम्परा र सवाई काव्य, |
| चौथो अध्याय | प्रमुख सवाई काव्यहरूको विश्लेषणात्मक अध्ययन, |
| पाँचौ अध्याय | सवाई काव्यको वर्गीकरण, |
| छैठौं अध्याय | सवाई काव्यको चरण विभाजन र चरणगत प्रबृत्ति, |
| सातौं अध्याय | सवाई काव्यको मूल्याङ्कन र |
| आठौं अध्याय | उपसंहार र निष्कर्ष । |

यस शोध प्रबन्धको पहिलो अध्याय 'शोध कार्यको परिचय' रहेको छ र यस अध्यायमा शोध शीर्षक, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोध शीर्षकको औचित्य, शोधकार्यको सीमा, शोध-विधि र शोध प्रबन्धको अध्याय-विभाजन जस्ता प्रस्तुत शोधकार्य सम्बन्धित विषयहरूमा प्रकास पारिएको छ । शोधकार्यको अन्त्यमा प्राप्त मुख्य निष्कर्ष र भावी शोधार्थीहरूका निम्ति सुझाव र सल्लाह-परामर्श वा दिशा निर्देश पनि यसै अध्यायमा गरिएको छ ।

'सवाई काव्यको सैद्धान्तिक चिनारी' नामक दोस्रो अध्यायमा 'सवाई' शब्दको तात्पर्य स्पष्ट पार्दै यस शब्दको स्रोत एवम् यसको प्रयोग परम्पराको खोज-अनुसन्धान गरिएको छ । यस सिलसिलामा लोक-गीत एवम् लोक-गाथाको सापेक्षतामा सवाई काव्यलाई विवेचन गर्नुपर्ने हुँदा पहिला लोक गाथाको परिचय, नेपाली लोक-गाथाको चिनारी र त्यसपछि नेपाली लोक गीतको चिनारी एवम् वर्गीकरण गर्ने काम गरिएको छ । तत्पश्चात् छन्दको पहिचानका साथै लोक छन्दबारे प्रकाश पारिएको छ तथा सैद्धान्तिक रूपमा सवाई छन्दको अध्ययन गरी नेपाली सवाई छन्दका लक्षण, विशेषता आदिमा प्रकाश पार्ने काम गरिएको छ ।

'नेपाली कविताको विकास परम्परा र सवाई काव्य' नामक तेस्रो अध्यायमा नेपाली भाषाको उद्‌भव र नेपाली कविताको पृष्ठभूमिमा प्रकास पार्दै नेपाली कविताको लेख्य परम्पराको थालनी एवम् विकास प्रक्रिया (शुरु देखि वि.सं. २००० सम्म) मा प्रकाश पारेर नेपाली कवितामा सवाई काव्य कुन कुन परिस्थितिमा र कसरी प्रारम्भ भयो भन्ने कुराको विवेचना गरिएको छ । यसै अध्यायमा नेपाली सवाई काव्य-सिर्जनाका उत्प्रेरक तत्त्वहरू केलाउँदै नेपाली लोक परम्परामा आउँदा दिनहरूमा विकास हुनसक्ने सवाई काव्यका साम्भाव्यताबारे पनि आवश्यक चर्चा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धको चौथो अध्यायको नाम 'सवाई काव्यहरूको विश्लेषणात्मक अध्ययन' रहेको छ र यस अध्यायमा शोध प्रबन्धको आकार ज्यादै ठूलो हुने सम्भावनालाई ध्यानमा राखेर बि.सं.१९०० देखि २००० सम्मका बीचमा रचित, प्रकाशित एवम् उपलब्ध सबै नेपाली सवाई काव्यहरू विश्लेषण नगरेर नेपाली सवाई काव्यका चरणगत प्रवृत्तिहरूलाई प्रतिनिधित्व गर्नसक्ने मुख्य-मुख्य सत्रवटा सवाई काव्यको मात्र विश्लेषण गर्ने काम गरिएको छ । बि.सं. १९०० देखि २००० सम्ममा रचित-प्रकाशित एवम् उपलब्ध सवाईहरूको सामान्य परिचय चाहिँ यसै शोध

प्रबन्धको तेस्रो अध्यायमा गरिएको छ । नेपाली सवाई काव्यहरूको विश्लेषण मूलत: सवाई काव्यहरूको आयाम र संरचना, भाव वा विषयवस्तु, छन्द एवम् लय-विधान, भाषा-शैली, शीर्षकको औचित्य, कवित्वको स्तर तथा रस परिपाकका आधारमा गरिएको छ ।

'सवाई काव्यको वर्गीकरण' शीर्षक रहेको पाँचौ अध्यायमा प्रस्तुत शोधकार्यमा विवेच्य नेपाली सवाई काव्यलाई यसको विधागत एवम् आयामगत स्वरूपका आधारमा, भाव वा विषयवस्तुका आधारमा, छन्द वा लय विधानका आधारमा तथा कविताका गुणस्तरका आधारमा वर्गीकरण गर्ने कार्य गरिएको छ ।

यस शोधकार्यको छैठौं अध्यायको शीर्षक 'सवाई काव्यको चरण विभाजन र चरणगत प्रबृत्ति' रहेको छ । यस अध्यायमा नेपाली सवाई काव्यको लेखन परम्पराका थालनी (१९१२) भए यता नेपाली सवाई काव्यमा प्रतिविम्बित-परिलक्षित प्रवृत्तिका आधारमा यसका विकासका चरणहरू छुट्याउने र चरणगत प्रवृत्तिहरू केलाउने काम गरिएको छ । यसै अध्यायमा नेपाली सवाई काव्य परम्परामा आएका शिथिलताका कारणहरूको विवेचना पनि गरिएको छ ।

यस शोध प्रबन्धको सातौं अध्याय 'सवाई काव्यको मूल्याङ्कन' रहेको छ । यस अध्यायमा प्रस्तुत शोध प्रबन्धमा विश्लेषण-विवेचन गरिएका सत्रवटा सवाई काव्यहरूको मूल्याङ्कन गरिएको छ । यसै अध्यायमा नेपाली कविताको धारागत विकासमा नेपाली सवाई काव्यले गरेको योगदानको विवेचना गरी नेपाली सवाई काव्यको सृजन-परम्परामा आएका शिथिलताका कारणहरू पनि केलाउने प्रयास गरिएको छ ।

आठौं अध्याय 'उपसंहार र निष्कर्ष' अध्याय रहेको छ । यस अध्यायको 'उपसंहार' अशंमा यस शोध प्रबन्धका पूर्ववर्ती सात अध्यायहरूमा गरिएका कार्यहरूको सार-संक्षेप प्रस्तुत गरिएको छ अनि 'निष्कर्ष' अंशमा चाहिँ प्रस्तुत शोधकार्यबाट प्राप्त उपलब्धिलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

यसपछि 'परिशिष्ट' र 'सन्दर्भ ग्रन्थ विवरण' रहेका छन । 'परिशिष्ट'मा लेख्य रूप लिन नभ्याएका र श्रुति वा मौखिक परम्परामा सुरक्षित रहेका एकाध सवाई काव्यहरूको तथा वि.सं. २००० पछि रचित-प्रकाशित एवम् उपलब्ध एकाध नेपाली सवाई काव्यहरूको नाम सूचीबद्ध गरिएको छ भने 'सन्दर्भ ग्रन्थ विवरण'मा प्रस्तुत शोध प्रबन्ध तयार पार्दा उपयोग गरिएका पुस्तक एवम् पत्रपत्रिकाहरूको विवरण लेखक/सम्पादकहरूको नाम अकारादि वर्णानुक्रमअनुसार प्रस्तुत गरिएको छ ।

## १.९ *शोध कार्यको मुख्य निष्कर्ष :*

*'नेपाली सवाई काव्यको विश्लेषणात्मक मूल्याङ्कन'* शीर्षकको प्रस्तुत शोध प्रबन्धमा नेपाली समाजमा प्राचीनकालदेखि मौखिक रूपमा प्रचलित रही आएको भए तापनि नेपाली कविताको प्राथमिक कालको अन्तिम चरण (१८७३-१९४०) तिर मात्र लेख्य रूपमा देखा परेको र अद्यावधि प्रचलित नेपाली सवाई काव्य परम्पराको रेखाङ्कन प्रस्तुत गर्दै वि.सं. १९०० देखि २००० सम्म रचित, प्रकाशित एवम् उपलब्ध नेपाली सवाई काव्यहरूको अध्ययन, अनुसन्धान एवम् विश्लेषणात्मक मूल्याङ्कनबाट प्राप्त निष्कर्षलाई केही बुँदाहरूमा समेटेर निम्न लिखित तरिकाले प्रस्तुत गर्न सकिन्छ :-

(१) नेपाली समाजमा सवाई काव्यको प्रचलन नेपाली समाजको प्रारम्भ कालदेखि नै हुँदै आएको हो भनेर अनुमान गरिन्छ । यस सम्बन्धमा कुनै तिथिमिति तोक्न नसकिए तापनि नेपाली कविताको पृष्ठभूमिकाल (ईशाको ११औं शताब्दीदेखि १८ औं शताब्दी) सम्म प्रचलित विविध लोक विधाहरू सँगसँगै सवाई सुन्ने र भन्ने परम्परा पनि हुर्कदैं आएको देखिन्छ ।

(२) नेपाली समाजमा 'सवाई' शब्द मूलत: काव्यगत एवम् लयगत दुबै अर्थमा प्रयोग हुँदै आएको पाइन्छ । *चरीको सवाई* वा *सासु-बुहारीको झगडाको सवाई* आदि सवाई काव्य हुन्

भने यी सवाई काव्यमा प्रयुक्त छन्द वा लय विशेषलाई पनि सवाई छन्द वा सवाई लय नै भन्ने चलन छ । सवाई छन्द शैली मूलत: नेपाली लोकलयात्मक छ र यस्ता नेपाली लोकलय प्रधान सवाई छन्दमा रचिएका काव्य विशेषलाई सवाई काव्य भन्ने चलन रहेको छ ।

(३) नेपाली सवाई काव्य भन्नाले मूलत: नेपाली लोक लायात्मक सवाई छन्दमा रचना गरिएका काव्य भन्ने बुझिन्छ । तर वर्णमात्रिक, मात्रिक, दोहा र झ्याउरे छन्दमा अथवा मिश्रित छन्द शैलीमा पनि एकाध नेपाली सवाई काव्य रचिएका पाइन्छन् । जनकलाल शर्मा ढुङ्गेलको *आसामको र शिलाङ्को सवाई*, रेवतीरमण उपाध्यायको *अर्जुनगीताको सवाई* तथा रामप्रसाद सत्यालको *सूर्यपुराणको सवाई* यसका दह्रा उदाहरणहरू हुन् ।

(४) धेरै कालसम्म मौखिक वा श्रुति परम्परामा रहे पनि नेपाली कविताको प्राथमिक काल (१८२६-१९४०) को अन्त्यतिर मात्र नेपाली सवाई काव्य रचना गर्ने परिपाटि बसेको देखिन्छ । वि.सं. १९०१ मा कवि बसन्त शर्माले नेपाली लोक लय प्रधान सवाई छन्द शैलीको अनुकरण गरी *समुद्रलहरी*को रचना गरे । त्यसपछि सवाई छन्द शैलीमा वि.सं. १९१२ मा बाग्दल डाँगीले *भोटको लडाइँको सवाई* रचना गरेर सवाई काव्यको लेखन परम्पराको सूत्रपात गरेको पाइन्छ ।

(५) वि.सं. १९१२ देखि २००० सम्म रचित, प्रकाशित एवम् उपलब्ध सवाई काव्यलाई प्रवृत्तिगत दृष्टिले थालनी काल वा पहिलो चरण (वि.सं. १९०१-१९४०), विकास काल वा दोस्रो चरण (वि.सं. १९४१-१९६१), विस्तार काल वा तेस्रो चरण (वि.सं. १९६२-१९७४) र शिथिल युग वा चौथो चरण (वि.सं १९७५-२०००) गरी मोटामोटी चार चरणमा बाँड्न सकिन्छ ।

(६) वि.सं. १९०१ देखि २००० सम्मको समायावधिमा नेपाली लोकलयात्मक सवाई छन्द शैलीमा रचना गरिएका नेपाली सवाई काव्यका सवाई छन्द पङ्क्तिहरू सामान्यत: बाह्र अक्षरदेखि चौध अक्षरसम्मका रहेका पाइन्छन् । बाह्रौं अक्षरीप्रधान सवाई छन्दका प्रत्येक पङ्क्तिको पहिलो छैठौं वा सातौं अक्षरमा र अन्तिम बाह्रौं अक्षरमा गरी सामान्यत: दुई ठाउँमा यति वा विश्राम व्यवस्था रहेका पाइन्छ भने चौध अक्षरीप्रधान सवाई छन्दका प्रत्येक पङ्क्तिमा पहिलो आठौं र अन्तिम चौधौं अक्षरमा गरी मूलत: दुई ठाउँमा यति वा विश्राम व्यवस्था रहको पाइन्छ ।

(७) झ्याउरे आदि लोकलय प्रधान नेपाली छन्दमा झैं सवाई छन्दमा पनि छन्दको पङ्क्तिगत वर्ण सङ्ख्याको गणना वा ह्रस्व-दीर्घको अनुगमनलाई भन्दा लय-संयोजनलाई बढी गुरुत्व दिएको पाइन्छ । सवाई छन्दमा रचिएका पङ्क्तिहरूमा वर्ण वा अक्षरहरू घटी-बढी रहेका पनि पाइन्छन् । यसरी अक्षरहरू घटी-बढी रहेको पाइएको खण्डमा छन्द-लय प्रवाह अटुट राख्नका निम्ति प्रयोजन अनुसार अजन्त-हलन्त पारेर अथवा अधिकाक्षर वा लुप्ताक्षर पारेर अथवा द्रूत-विलम्बित पारी उच्चारण गरी भाखा वा लय हाली गाएमा वर्ण वा अक्षर गणना मिल्नुका साथै यति-गति पनि मिलेर छन्द-लय प्रवाह अटुट रहन सकेको स्थिति रहेको पाइन्छ ।

(८) हिन्दी कवितामा प्रचलित 'सवैया' र नेपालीको 'सवाई' छन्द एउटै होइन । नामोच्चारण गर्दा हुने ध्वनिगत किञ्चित समश्रुतिवोध हुनुबाहेक यी दुबै छन्द-शैलीमा कुनै समानता रहेको पाइन्न ।

(९) नेपाली कविताको लेखन परम्परा वीरत्व-वर्णनबाट थालिए झैं नेपाली सवाई काव्यको लेख्य परम्परा पनि वीरत्व-वर्णनबाट थालिएको पाइन्छ ; तर प्राथमिक कालीन नेपाली कविताको पहिलो चरणमा प्रवाहित वीर धाराको मूल प्रवाह मत्थर भएर भक्ति धाराले प्रमुखता पाएपछि मात्र वीरत्व वर्णनप्रधान नेपाली सवाई काव्यको थालनी भई यसको पहिलो चरणको सूत्रपात हुनसकेको देखिन्छ । सवाई काव्यको दोस्रो चरण वा विकास कालमा भक्ति, नीति र अर्ति एवम् औपदेशिकताको प्राधान्य रहेको पाइन्छ भने तेस्रो चरणमा पनि यही

प्रवृत्ति जीवित रहेको पाइन्छ । आफ्नो काव्य यात्राको चौथो चरण वा शिथिल कालमा नेपाली सवाई काव्य विविध पक्ष वा प्रवृत्तिहरू अँगाल्दै अग्रसर भएको पाइन्छ तापनि यस चरणमा आइपुग्दा नेपाली सवाई काव्य क्रमशः कृशकाय वा शिथिल बन्न पुगेको देखिन्छ ।

(१०) कविता विधाको आयाम एवम् संरचना-स्वरूपका दृष्टिले नेपाली सवाई काव्यहरू साधारणतः कविता विधाका मझौलो आकारका खण्डकाव्य वा कोशकाव्य भन्न सकिने काव्य रचना रहेका देखिन्छन् । सवाई छन्दमा महाकाव्यको रचना हुन सकेको नपाइने हुनाले नेपाली लोक लयप्रधान सवाई काव्यलाई कविताको खण्डकाव्य पर्यायको रचना मान्न सकिन्छ ।

(११) नेपाली सवाई काव्यमा लोक गीतका एकाध लक्षणहरू पाइए तापनि नेपाली सवाई काव्य यसको आन्तरिक संरचना वा बनोटका आधारमा मूलतः लोक-गाथाका फाँटमा पर्ने विधा रहेको पाइन्छ । यसरी हेर्दा सवाई लोक-गाथा एवम् लोक-गीतका साझा विशेषताहरू बोकेको, दुबै विधाका बीचमा पर्ने मूलतः घटनाप्रधान वा आख्यान सापेक्ष लोक विधाका रूपमा रहेको देखा पर्छ ।

(१२) नेपाली सवाई काव्य मूलतः घटनाप्रधान लोक काव्य विधा रहे तापनि केही नेपाली सवाई काव्यहरू भावनाप्रधान रहेका पनि पाइन्छन् । अर्को शब्दमा, नेपाली सवाई काव्यहरू आख्यान सापेक्ष एवम् आख्यान निरपेक्ष गरी मूलतः दुई प्रकारका रहेका छन् । घटना प्रधान, आख्यानपुस्ट वा आख्यान सापेक्ष नेपाली सवाई काव्यहरू प्रायः युद्ध, भैँचालो, बाढी, आगलागी वा पहिरो तथा कुनै महत्त्वपूर्ण व्यक्तिको मृत्यु जस्ता विषयवस्तुमा आधारित रहेका पाइन्छन् भने आख्यान निरपेक्ष सवाई काव्यहरू चाहिं सामान्यतयाः धार्मिक, नैतिक-उपदेशमूलक तथा सुधार-संस्कारमूलक रहेका देखिन्छन् । यिनीहरूका अतिरिक्त पशुपक्षी, स्थान वा व्यक्तिको परिचय, घर-घरायसी, शिक्षा, भविष्यवाणी तथा सामाजिक एवम् राजनैतिक विषयवस्तु अँगालेर रचिएका सवाई काव्यहरू पनि पाइन्छन् । यस्ता सवाई काव्यहरू प्रायः सूक्ष्माख्यान सम्बलित वा अन्तर्वर्ती आख्यान सम्पृक्त रहेका देखिन्छन् । बबगुनी गुरुङ्को *ब्रह्मतत्त्वको सवाई*, प्रतिमानको *राजा भरथरीको सवाई*, डा. मणिराज वर्माको *अम्बलका बैगुनको सवाई* आदि सवाई काव्यहरूलाई यस किसिमका सवाईका उदाहरणका रूपमा लिन सकिन्छ ।

(१३) लोक साहित्य सामान्यतः साधारण लोक प्रतिभाको सिर्जना हो । नेपाली सवाई काव्य पनि उच्चस्तरीय भाव प्रधान र काव्य-सौन्दर्य विशिष्ट काव्य सिर्जना भन्दा पनि सामान्य मानिसका दैनन्दिन जीवनका विभिन्न स्थिति परिस्थितिमा आइपर्ने घटना अथवा जन-साधारणका भोगाइहरूलाई लिएर सरल, स्वाभाविक एवम् कथ्य वा गेय प्रधान भाषा-शैली र छन्द-शैलीमा रचिएका छन् । नेपाली सवाई काव्यहरू सालाखाला निम्न मध्यम, सामान्य र निम्नकोटीको मानदण्डका काव्य रहेका पाइन्छन् । यिनलाई आवश्यकता अनुसार निम्न मध्यम, सामान्य, अति सामान्य र निम्न स्तरीय गरी जम्मा चार किसिमको स्तरमा वर्गीकरण गर्नु पर्ने स्थिति रहेको पाइन्छ ।

(१४) नेपाली सवाई काव्य यात्राको पहिलो चरण वा थालनीकाल (१९०१-१९४०)का नेपाली सवाई काव्यहरू मूलतः घटना प्रधान तथा वीरभाव प्रधान रहेका छन् भने विकास काल वा दोस्रो चरण ( १९४१-१९६१) तथा विस्तार काल वा तेस्रो चरण ( १९६२-१९७४) का नेपाली सवाई काव्यहरूमा वीरत्व भावनाका साथै भक्ति, नीति एवम् औपदेशिक प्रवृत्तिको पनि अभिव्यक्ति हुन सकेको पाइन्छ । यस्ता सवाई काव्यहरू आख्यान सापेक्ष वा आख्यान निरपेक्ष दुबै किसिमका रहेका पाइएका छन् । गजवीर रानामगरको *नागाहिलको सवाई*, कृष्णबहादुर उदासको *अछामको सवाई,* दिलबहादुरको *धामी झाँक्रीको सवाई* तथा सोऽहम्राज गुरुङ्को *आत्मब्रह्मको सवाई* यसका दह्रिला उदाहरण हुन् । तेस्रो चरणका सवाई काव्यहरूमा विषयवस्तु वर्णनको परिधि वा वस्तु चयनको क्षेत्रमा व्यापकता आउन सकेको पाइन्छ । दूरस्थ देश-देशावरमा घटेका घटनावलीले यस ताकाका सवाई काव्यमा स्थान पाउनु अथवा आफ्नो निकटस्थ परिवेश तथा भारतीय उप-महाद्वीप वा एशियाली भूगोललाई अतिक्रम गर्दै युरोप वा आफ्रिकाली भूभाग सम्मको खोज-खबर र परिचयात्मक चित्र प्रस्तुत हुन सक्नुबाट सवाईका

माध्यमबाट ग्रामीण समाजमा नवीन भौगोलिक दिशाबोध हुन पुगेको अनुभव हुन्छ। *बलुचिस्तानको प्रलयङ्कारी भैँचालाको सवाई, अम्बलका बैगुनको सवाई, रङ्गमहलको सवाई,* तथा *जर्मनीको लडाइँको सवाई* वा *युरोप महाभारत* आदि यसका सशक्त उदाहरणहरू हुन्। यसरी पहिलो चरणका सापेक्षतामा दोस्रो एवम् तेस्रो चरणका नेपाली सवाई काव्यहरूमा विविध छन्द प्रयोगका साथ-साथै काव्यमा अपेक्षाकृत विस्तृत एवम् विश्वजनीन सचेतता तथा नवीन दृष्टिकोणको पनि क्रमिक विकास हुन सकेको पाइन्छ। तर वि.सं. १९७५ यता विकासको यो गतिप्रवाहमा स्तिमितता आएर सवाई काव्य क्रमशः म्लान, क्षीण र जीर्ण-शीर्णावस्थामा परिणत भई यस्तै अवस्थामा अद्यावधि जीवित रहनु पर्ने स्थिति रहेको देखिन्छ।

(१५) १९७५ यता नेपाली जनजीवनमा आधुनिक शिक्षा-दीक्षाको प्रभावले ल्याएको परिवर्तनले गर्दा काव्यमा रुचि राख्ने पाठकहरूको स्तरमा परिवर्तन, मनोरञ्जनका विविध सुलभ साधनको प्रचुरता, पुराना पिँढीले प्रयोग गर्ने परम्परागत कुराहरू प्रति नयाँ पिँढीको उदासीनता, प्राचीनताका पक्षधर सवाईका सर्जकहरूको नवीनता प्रति अनासक्ति एवम् उदासीनता, गद्य कविताको प्रचलनले समसामयिक लेखक तथा पाठकहरूमा ल्याइदिएको गद्य कविताप्रतिको बढ्दो अभिरुचि, सामान्य मानिसमा सवाईका माध्यमद्वारा सञ्चरण हुने किसिमका ज्ञान वा सूचनाहरू अन्य स्रोत वा माध्यमबाट अझ छिटो, छरितो एवम् व्यापक मात्रामा उपलब्ध हुन सक्नु आदि विविध कारणहरूका साथै परम्परा प्रिय नेपाली समाजमा आधुनिकताका नाममा पश्चिमी भौतिकवादी सभ्यताको अतिक्रमणले गर्दा लोक-जीवन समेत प्रभावित भई आफ्नो लोक संस्कृतिबाट पराङ्मुख हुँदै जानुले पनि चौथो चरण (१९७५-२०००) मा नेपाली सवाई काव्य रचनामा शिथिलता आएको देखिन्छ।

(१६) नेपाली समाजमा प्रचलित लोक-लयप्रधान झ्याउरे तथा सेलो जस्तै सवाई पनि लोकप्रिय लय तथा काव्य शैली हो। नेपाली लेख्य कविताको धारागत विकास वा अभिबृद्धिका क्रममा यस सवाई काव्य शैलीले पनि सकारात्मक एवम् सहयोगात्मक योगदान पुऱ्याएको छ।

(१७) नेपाली समाजको उदयकालदेखि नै समाजका विविध अभिरुचिहरूलाई सशक्त रूपमा अभिव्यक्ति दिँदै आएको सवाई काव्य सम्प्रति नेपाली समाजमा देखा परेको पाश्चात्य वा आधुनिक जीवन शैलीको अतिक्रमण वा प्रभाव तथा अन्य विविध कारणले गर्दा क्रमशः रुग्ण एवम् क्षीण भएजस्तो देखिन्छ तापनि यो अद्यावधि जीवित रहेको छ। नेपाली कविताले लेख्य रूप लिनुभन्दा अघिदेखि प्रचलित रही नेपाली कविताका प्राथमिक, माध्यमिक तथा आधुनिक कालमा समेत जनस्तरीय लोकमानस अनुकूल काव्य धारा प्रवाहित गराउँदै आएको यस काव्य वा छन्द लयगत प्राप्तिहरूलाई पहिचान गरी माझ्दै र विकासका चरणहरूमा क्रमशः प्रयोग गर्दै लान सके यसले अझ पनि यस समाजलाई युग सापेक्ष सहयोग पुऱ्याउन सक्ने सम्भावना देखिन्छ। रेडियो, टेलिभिजन जस्ता वैद्युतिक वा इलेक्ट्रोनिक प्रचार प्रसार माध्यमद्वारा गरिने विज्ञापनहरूमा चलचित्रमा प्रयुक्त गीत-धुनहरूमा, नृत्य कार्यक्रमहरूमा तथा प्राथमिक विद्यालयमा पढाइने पाठ्यक्रममा प्रचलित लयात्मक शिक्षा-गीत (नर्सरी राइम्) वा नानीका गीतहरूमा, प्रौढ शिक्षा वा अनौपचारिक शिक्षाका पाठ्यक्रममा समाविष्ट गीतहरूमा सवाई काव्य वा छन्द शैलीका गीतहरूको उपयोग गर्न सके अझ पनि समाज उपकृत हुनसक्ने र सवाईका प्रयोगमा पनि अभिवृद्धि भई दोहोरो लाभ हुने सम्भावना देखिन्छ। नयाँ हुनाले आकर्षक भई सम्प्रति लोक प्रिय झैं देखिएको पाश्चात्य जीवनशैली भन्दा हाम्रा पुर्खाले हाम्रै गाउँ-घर, डाँडा-काँडा वा पाखा-पखेरामा रमाउँदै अर्जन गरेको यस बहुमूल्य सम्पदालाई नवीन शैली वा ढाँचामा अथवा नवीन परिप्रेक्ष्यमा ढालेर युग सापेक्ष वा युगानुकूल बनाउँदै लानु पर्ने आवश्यकता देखिन्छ। यसरी ज्ञानको स्रोत र साधन अति न्यून रहेको बेला ज्ञानका विविध दिशा निरूपण गर्दै नेपाली लोक समाजको बौद्धिक स्तरलाई यत्किञ्चित टेवा दिँदै आएको यस लोक विधालाई अहिले पनि उचित उपयोग गर्न सके यसले समाजलाई प्रशस्त सहयोग पुऱ्याउन सक्ने सम्भावना रहेको पाइन्छ।

***



North Bengal University
Library
Raja Rammohanpur

151897 29 MAY 2003